# दुहुँ गाउँपालिकाको आर्थिक ऐन

# २०७७/०७८

Duhun Rural Municipality

**दुहुँ गाउँपालिका**
**हिकिला, दार्चुला**
**सुदूरपश्चिम प्रदेश**
**२०७७**

# दुहुँ गाउँ पालिकाको आर्थिक ऐन २०७७
## दुहुँ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : दुहुँ गाउँपालिका आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथाशुल्क संकलन गर्ने, छुट दिने तथाआय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुहुँ गाउसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्तनाम र प्रारम्भ** (१) यस ऐन को नाम आर्थिक ऐन २०७७ रहेको छ।
(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि दुहुँगाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ती कर :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ती कर / घर जग्गा कर लगाईने र असुलउपर गरिने छ।

**३. भूमिकर (मालपोत)** गाउँपालिका क्षेत्रभित्रका जग्गामा यस्तो जग्गाको उपभोगका आधारमा अनुसुची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुलउपर गरिने छ।सम्पत्ती कर लगाएको अवस्थामा भूमिकर नलाग्ने।

**४. घर जग्गाबहाल कर :**
गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा टप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहाल दिएकोमा त्यस्तो बहाल रकममा अनुसुची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुलगरिने छ।

**५. ब्यवसाय कर :** गाउँपालिका क्षेत्र भित्र ब्यापार ब्यवसायवा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम ब्यवसाय कर लगाईने र असुलउपर गरिने छ।

**६. जडी बुटी कवाडी र जीवजन्तु कर** :
गाउँपालिका क्षेत्र भित्रकुनै ब्यक्ति वा संस्थाले उनखोटो जडी बुटी बनकस कवाडी माल र प्रचलित कानुनले निशेध गरेको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जन्तुको हाड सिंङ, प्वाख, छाला, जस्ता बस्तुको ब्यवसायिक कारोबार गरे बापत अनुसुची (५) बमोजिमको कर लगाईने र असुलउपर गरिने छ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्र भित्रदर्ता भएका सवारी साधनहमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइएन छ र उक्त कर सम्बन्धीत प्रदेशले असुल गरी अन्तर सरकारी बित्तब्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीयतहको विभाज्यकोष मार्फत गाउँपकालिकाको संचितकोषमा बाँडफाँड गर्ने पर्नेछ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्रहुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्तब्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्यकोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ।

Duhun Rural Municipality

**९. मनोरञ्जन कर** :
गाउँपालिका क्षेत्र भित्रहुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (८) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिने छ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्तव्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको मनोरञ्जन कर समेत संकलन गरी प्रदेश विभाज्यकोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ ।

**१०. बहाल विटौरी शुल्क :**
गाउँपालिका क्षेत्र भित्रआफुले निर्माण, रेखदेख वा संचालन गरेका हाँट बजार पसल वा सरकारी जग्गामा अनुसुची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाईने र असुलउपर गरिनेछ ।

**११.सेवाशुल्क दस्तुर :**
गाउँपालिकाले निर्माण संचालन, वा व्यवस्थापन अनुसुची (१०) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहि बाट सोही अनुसुचीमा व्यवस्था भएअनुसार शुल्क लगाईने र अशुलउपर गरिने छ ।

**१२.गिट्टी बालुवा ढुंगा खानीउद्योग मा लगाइने कर :**
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका गिट्टी बालुवा ढुंगा खानीउद्योग लगाए वापत अथवा उपयोग गरे बापत अनुसुची (११) मा उल्लेखित दरमा पर्यटन प्रबेश शुल्क लगाईने र असुलउपर गरिने छ ।

**१३. पर्यटन प्रबेश :**
गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क चिडियाखाना ऐतिहासिक तथा पुरावतात्वीक सम्पदा, संग्रहाल जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसुची (१२) मा उल्लेखित दरमा पर्यटन प्रबेश शुल्क लगाईने र असुलउपर गरिने छ ।

**१४. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथाशुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

दुहुँ गाउपालिका दार्चुलाको मिति २०७७।०२।०९ मा बसेको राजस्व परामर्श समितिको बैठक द्वारा कार्यपालिका बैठकमा पेश गरेको आ.व. २०७७।०७८ का लागि प्रस्तावित करको दर।

Duhun Rural Municipality

**अनुसूची-१**

**1- सम्पति कर, घर कर**

| क्र.सं. | विवरण | दर्ता सुल्क रु. | वार्षिक नविकरणदस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | छाप्रो, फुसकोछाना भएको कच्ची घर प्रति वर्ष | २०.० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | टीन, स्लेटढुङ्गा, टायलको छाना भएको एक मझेलो घर प्रति वर्ष | ३०.० | | | |
| 3 | टीन, स्लेटढुङ्गा, टायलको छाना भएको दुई मझेलो घर प्रति वर्ष | ६०.० | | | |
| 4 | टीन, स्लेटढुङ्गा, टायलको छाना भएको दुई मझेलो भन्दा बढी घर प्रति वर्ष | १२५.० | | | |
| 5 | RCC घर ४ कोठा सम्मको प्रति वर्ष | १७५.० | | | |
| 6 | RCC घर ४ कोठा देखि १० कोठा सम्मको प्रति वर्ष | २७५.० | | | |
| 7 | RCC घर 10 कोठा भन्दा माथि आवासीय प्रयोजन प्रति वर्ष | ३५०.० | | | |
| 8 | RCC घर 10 कोठा भन्दा माथि व्यवसायीक प्रयोजन प्रति वर्ष | ६००.० | | | |
| ९ | घरजग्गामा रजिष्ट्रेशन शुल्क | प्रदेशसरकारले तोकेबमोजिम हुनेछ। | | | |

## अनुसूची-२

**2- भुमिकर (मालपोत)**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | मालपोत कर खरफागलो १ रोपनी | ८.० | | | |
| 2 | मालपोत कर खरफागलो १ रोपनी भन्दा माथि प्रति रोपनि | १०.० | | | |
| 3 | मालपोतकर खेति योग्य जमित ५ रोपनी सम्म | १५.० | | | |
| 4 | मालपोत कर खेतियोग्य जमित ५ रोपनी भन्दा माथि प्रति रोपनि | २०.० | | | |
| 5 | मालपोतकर दार्चुला तिङकर सडकले छोएको १ रोपनि सम्म | २५.० | | | |
| 6 | मालपोत कर दार्चुला तिङकर सडकले छोएकोमा १ रोपनि भन्दा माथि प्रति रोपनि | ३०.० | | | |
| ७ | प्रत्येक वर्ष मालपोत नबुझाउने ब्याक्तिलाई प्रति वर्ष ४०% का दरले मालपोत जरिवाना थप्दैलैजाने। | | | | |

## अनुसूची-३

**३- घरजग्गा बहाल कर:-**

| | |
|---|---|
| १ | यसगाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज, गाडी, मेसिनरी औजार, डोजर लगायत निर्माणका साधन लगायत र अन्य साधनहरु भाडामा लगाएमा भाडा रकमको १०% बहाल कर लगाउने। |

Duhun Rural Municipality

## अनुसूची-४

**४- व्यवसाय कर**

| क्र.सं. | विवरण | दर्ता सुल्क रु. | वार्षिक नविकरणदस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | चिया,नास्तापसल | 400 | 200 | 100 | |
| २. | किरानापसल, खाद्यान्न पसल | 700 | 400 | 100 | |
| ३. | रेष्टुरेन्ट, होटल, बार | 2000 | 500 | 100 | |
| ४. | खाद्यान्नपसल, किराना पसल र चिया नास्ता समेत भएको पसल | 1000 | 600 | 100 | |
| ५. | घुम्तीपसल (कपडा, भाँडावर्तन, सुनचाँदी, मूर्ती आदि) | 500 | 500 | 100 | |
| ६. | तयारी पोसाक वा काँचो कपडा पसल | 1000 | 600 | 100 | |
| ७. | स्टेसनरी तथा खेलकुद सामग्री पसल | 1000 | 500 | 100 | |
| ८. | मासुपसल | 1000 | 500 | 100 | |
| ९. | बालकाट्ने सैलुन | 500 | 250 | 100 | |
| १०. | ब्यूटीपार्लर | 2000 | 1000 | 100 | |
| ११. | निर्माण सामग्री पसल | 3000 | 1500 | 100 | |
| १२. | भाँडापसल | 2500 | 1500 | 100 | |
| १३. | मोटरसाइकल वर्कसप | 2000 | 1000 | 100 | |
| १४. | जिप, बस, ट्रक, ट्रेक्टर, वर्कसप | 3000 | 1500 | 100 | |
| १५. | सामान्य औषधी पसल | 1000 | 500 | 100 | |
| १६. | ल्याव, एक्सरेसहितको औषधी पसल | 3000 | 1500 | 100 | |
| १७. | सूनचाँदी पसल (सानो ठुलो) | 3000 | 1500 | 100 | |
| १९. | मदिरापसल | 15000 | 6000 | 100 | |
| २०. | सामानको थोक बिक्रेत (गल्ला तथा किराना) | 5000 | 2500 | 100 | |
| २१. | टेलरीङ्ग पसल | 500 | 250 | 100 | |
| २२. | निर्माण व्यवसायी ( घ) वर्ग | 11000 | 3000 | 6000 | |
| २३. | निर्माण व्यवसायी (ख) सिफारिस | 1000 | 0 | 0 | |
| २४. | निर्माण व्यवसायी (क) सिफारिस | 1500 | 0 | 0 | |
| २५. | ग्रिल उद्योग | 3000 | 1500 | 100 | |
| २६. | फर्निचर उद्योग तथा व्यवसाय | 3000 | 1500 | 100 | |
| २७. | खाद्य उद्योग (पाउरोटी, चाउमीन, चाउचाउ) | 2000 | 1000 | 100 | |
| २८. | लघुजल विद्युत आयोजना प्रति किलो वाट | 150 | 250 | 100 | |
| २९. | कुटानी पिसानी मिल | 5000 | 2500 | 100 | |

Duhun Rural Municipality

| | | | | | |
|---|---|---|---|---|---|
| ३०. | घट्ट १२ महिने | 150 | 50 | 100 | |
| ३१. | घट्ट ६ महिने | 75 | 25 | 100 | |
| ३२. | घट्ट आंशिक रुपमा चल्ने | 25 | 10 | 100 | |
| ३३. | अन्य उद्योग तथा ब्यबसाय | 2000 | 300 | 100 | |
| ३४. | कारोबार थप गर्दा थप गरेको कारोबारको ५० प्रतिशत थप शुल्क लाग्ने । | | | | |
| ३५ | पर्यटन शुल्क | प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । | | | |

**अनुसूची-५**

**5- जडिबुटी, कवाडी र जीवजन्तु कर**

| | | |
|---|---|---|
| 1 | दुहुँ गाउँपालिका भित्रका जडिबुटी, कवाडी र जीवजन्तुमा लाग्ने कर नियमानुसार हुनेछ । | |

**अनुसूची-६**

**6- सवारी साधन कर**

| | |
|---|---|
| १ | सवारी साधन कर प्रदेश सरकारले तोके बमोजिम हुनेछ । |

**अनुसूची-७**

**७-विज्ञापन कर**

| | |
|---|---|
| 1 | होर्डिङबोर्ड तथा भित्ते लेखनको प्रति स्क्वर फुट रु.500/- प्रति वर्षका दरले कर लगाउने। |

**अनुसूची-८**

**८- मनोरञ्जन कर**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | मेला संचालन प्रत्येक पटक | 1000 | | | |
| 2 | हाईभिजनहल | 500 | | | |

**अनुसूची-९**

**९- बहाल बिटौरी शुल्क**

| | | |
|---|---|---|
| १ | सरकारीजग्गा भोक चलन गरेबापत प्रति रोपनि रु1000 बहाल सुल्क लिईनेछ । | |
| २ | पटके सवारी | दुहुँ गाउँपालिका भित्रका पट्के सवारी र पार्किङमा लाग्ने शुल्क नियमानुसार हुनेछ। |
| ३ | पार्किङ शुल्क | |

Duhun Rural Municipality

Duhun Rural Municipality

## अनुसूची-१०

### १०- सेवा शुल्क

| क्र.सं. | विवरण | नयाँ करको दर रु. | वार्षिक नविकरणदस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | अचल सम्पत्ति मुल्याङ्कन | | | | |
| १.१ | मुल्याङ्क अंकको रु १ लाख सम्म | 0.२% ले हुन आउनेरकम | | | |
| 1.2 | रु 100000 देखी 500000 सम्म | 200 | | | |
| 1.3 | रु 600000 देखी 1000000 सम्म | 500 | | | |
| 1.4 | रु 1100000 देखी माथि | 0.२%ले हुन आउने रकम | | | |
| २ | नागरिकताको सिफारिस | | | | |
| 2.1 | बशंजको नागरिकताको सिफारिस | 100 | | | |
| 2.2 | बैवाहिक अङ्किकृत नागरिकताको सिफारिस | 200 | | | |
| 2.3 | नागरिकता प्रतिलिपि | 200 | | | |
| ३ | मालपोत सिफारीस | | | | |
| ३.१ | जग्गाधनी पुर्जाको प्रतिलिपी | 200 | | | |
| ३.२ | कित्ताकाट | 300 | | | |
| ३.३ | चार किल्ला प्रमाणित | 200 | | | |
| ३.४ | घरपाताल | 200 | | | |
| ३.५ | मरुवाको सरुवा/नामसारि | 300 | | | |
| ३.६ | जग्गाधनी पुर्जामा घर कायम | 300 | | | |
| ३.७ | जग्गाधनी पुर्जामा फोटो टाँस | 200 | | | |
| ३.८ | जग्गाहकदार/हकवाला | 300 | | | |
| ४ | दलित, अपांग, अल्पसंख्यक र एकल महिलाका लागिसिफारिस शुल्कमा ५०% छुट | | | | |
| ५ | योजना सिफारिस | | | | |
| ५.१ | सम्झौता, प्रथम किस्ता पेश्कि र खाता सञ्चालन एउटै सिफारिस | पाँच लाख सम्म 100, पाच लाख देखि वीस लाख सम्म 200 वीस | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ | अन्तिम भुक्तानि | लाख देखि पचास लाख सम्म 300 र पचास लाख देखि माथि 400 सिफारिस दस्तुर | | | |
| ५.३ | धरौटीर खाता बन्द | | | | |
| ६ | अन्य सिफारिस (उल्लेखित भन्दा बाहेकका) | 150 | | | |
| 7 | नयाँ मदिरा पसल अनुमति सिफारिस | 5000 | | | |
| ८ | मदिरा पसल नविकरण सिफारिस | 3000 | | | |
| 9 | प्रमाणित नेपालको प्रयोजन | 100 | | | |
| १० | प्रमाणित बैदेसिक प्रयोजन | 500 | | | |
| 11 | निवेदन दस्तुर | 15 | | | |
| १२ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | 200 | | | |
| 13 | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | 100 | | | |
| १४ | काउन्सिल प्रमाणिकरण | 200 | | | |
| 15 | गैरसरकारी संस्था सिफारिस | 1500 | 500 | | |
| १६ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारिस | 2500 | 1000 | | |
| 17 | क्लव दर्ता | 500 | 200 | | |
| १८ | अन्य संघ संस्था दर्ता सिफारिस | 600 | | | |
| 19 | अन्य संघ संस्था दर्ता | 1000 | 500 | | |
| २० | ब्यबसाय सम्बन्धी सिफारिस | 300 | | | |
| 21 | विद्युत जडानको लागी सिफारिस | 300 | | | |
| २२ | घरको नक्सा पास (DarchulaTinkar Road आसपास) | ५/-वर्गफुट | | | |
| 23 | घरको नक्सा पास (DarchulaTinkar Road आसपास बाहेक) | ३/-वर्ग फुट | | | |
| २४ | सर्जमिन मुचुल्का गरेको | 100.0 | | | |
| 25 | परामर्स सेवा दर्ता सिफारिस | 2000.0 | | | |
| २६ | पशु व्यवसाय फर्म दर्ता | 500.0 | | | |
| 27 | कोचिङ सेन्टर/ट्युसन सेन्टर | 2000.0 | 1000 | 100 | |
| 28 | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर | 100.0 | | | |
| 29 | मिलापत्र | 1500.0 | | | |
| 30 | लिखत प्रतिलिपि प्रतिपाना | 20.0 | | | |
| 31 | टेलिफोन/नेटवर्कको टावर | 15000.0 | | | |
| 32 | बोर्डिङ्ग स्कूल अनुमति | 10000.0 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 33 | बोर्डिङ्ग स्कूल कक्षा बृद्धि | 10000.0 | | | |
| 34 | बोर्डिङ्ग स्कूल ठाउँ सारी | 5000.0 | | | |
| 35 | बोर्डिङ्ग स्कूल वार्षिक कर(आधार भुत तह) | 3000.0 | | | |
| 36 | बोर्डिङ्ग स्कूल वार्षिक कर (माध्यमिक तह) | 6000.0 | | | |
| 37 | मार्गसिट प्रमाणपत्र प्रतिलिपि प्रमाणीत | 200.0 | | | |
| ३८ | लघुवित्त कम्पनी वार्षिक कर | 5000.0 | | | |
| ३९ | सहकारी संस्थाको वार्षिक कर | 500.0 | | | |
| ४० | बैंकतथा वित्तिय संस्था वार्षिक कर (क वर्ग) | 15000.0 | | | |
| ४१ | बैंकतथा वित्तिय संस्था वार्षिक कर (ख वर्ग) | 10000.0 | | | |
| ४२ | बैंकतथा वित्तिय संस्था वार्षिक कर (ग वर्ग) | 7000.0 | | | |
| ४३ | बैंकतथा वित्तिय संस्था वार्षिक कर (घ वर्ग) | 5000.0 | | | |
| ४५ | खानेपानी प्रति धारा | मासिकरु १० | | | |
| ४६ | दण्ड जरिवाना | नियमानुसारहुने | | | |
| ४७ | उपरोक्त करका दरहरु बाहेक छुट हुन गएका शीर्षकहरुको हकमा गाउँपालिका अध्यक्ष ज्यूको निर्णयानुसार हुनेछ। | | | | |

**अनुसूची-११**

**११- गिट्टी, बालुवा, ढुङ्गा, खानी उद्योग आदि**

| | |
|---|---|
| १ | गिट्टि, बालुवा, ढुङ्गा, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, खानी उद्योग, दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर प्रदेश सरकारले तोके बमोजिम हुनेछ। |
| २ | पर्वतारोहण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षतथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले व्यवस्थागरेबमोजिम हुनेछ। |

Duhun Rural Municipality